## कविता

# Online IMS Software

- सरला खड्का
लजिष्टिक असिष्टेण्ट
राष्ट्रिय क्षयरोग केन्द्र, ठिमी भक्तपुर ।

चाहिने सामग्री ल्यापटप कम्प्युटर ईन्टरनेट जडित
Google Chrome वा Mozilla Firefox Browser सहित ।

www.dohslmd.gov.np टाईप गरे आधिकारिक Webpage खुल्छ
Online Information System छुदाँ Submenu मा IMS देखापर्छ ।

IMS लिंकमा Click गरे Username Password माग्छ
सही Password Type गरे खुल्न एकछिन लाग्छ ।

Dashboard मा राखिएका छन् मेनु अनेक
Click गरेमात्र पुग्छ चाहिने कुनै एक ।

Support Information System छ थपघट गर्नुपरे
Health personnel, Health Facility, Supplier, Manufacture आदि Edit पनि गर्न मिल्छ अरे ।

Create भन्ने Option नै हो सबै बनाउने
Star चिन्ह भाको जति सबै अनिबार्य भर्दै जाने ।

थप्नुपर्ने भए Add हटाउनु परे Remove सच्याउनुपरे Edit गर्नुपर्छ
Save वटनमा क्लिक नगरी Save हुँदैन Save गर्नै पर्छ ।

पहिलो पटक सुरु गर्दा Opening Balance आफै राख्नुपर्छ
Batch number, Expiry date अझै के के माग्छ ।

Opening Balance शुन्य राख्दा अन्य Batch no. र Expiry मा ड्यास (-) राख्नुपर्छ
जे जति दाखिला गर्यो त्यसकै Detail देखापर्छ ।

चाहिने जति Information भरेमा पहिला
आफैलाई सजिलो हुन्छ पछि गर्दा दाखिला ।

FEFO System लागु गर्न अति थियो जरुरी
बसेका थियौं हामी पनि यस्तै System कुरी ।

Batch-wise छुट्याएर वितरण गर्नैपर्छ FEFO अनुसार
घट्बढ यदि भयो भने पछि पर्छ आफैलाई भार ।

जुन Batch को ह.फा. बन्छ त्यहि अनुसार Dispatch गरौ
अब देखि सामान Issued गर्दा का.स.हरुमा मात्र भर नपरौं ।

केन्द्रबाटै हुनसक्छ जिल्लाको चेकजाँच
आफू खुशी गर्न सक्दैनौ रिपोटमा काँटछाट ।

त्यसैले, ध्यानपुर्वक Data Entry गर्नैपर्छ
चाहिने जति Report हरु Software ले नै तयार गर्छ ।

Good Store Keeping Practice गरी सभ्य स्टोरकिपर बनौं
केही समस्या आए, केही नबुझे सिधै केन्द्रमा नै भनौं ।

समय समयमा Physical Count गरी Manage गरौं इन्भेन्टरी
Storage अनि Dispatch आफैँ गरौँ कसैको भर नपरी ।

अनि मात्र चुस्त दुरुस्त हाम्रो स्टोर बन्छ
Inventory Management भएन भनी अनि कसले भन्छ ।

Online IMS का धेरै छन् फाईदा
चुनौतिको पनि सामना गरौँ लगाई आफ्नै काईदा ।

System मा काम गर्नलाई IMS System छ तयार
Systematic काम गरौँ लगनशील भएर ।

चाहिने जति Report हरु आफै बनिदिन्छ
Online IMS को जसले फाईदा लिन्छ ।

Smart Store Keeper बनौँ दैनिक Update गरौँ
Online IMS को पुरै भर परौँ ।

सबैमा जगाएको छ काम गर्ने जाँगर र जोश
Online IMS Software दिगो र दीर्घायु होस् ।

****